जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३२ पृष्ठः ४ | २०८३ भदौ २९ सोमबार (Monday 14 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ‘तात्तिँदै वीरगन्ज, सुक्दै मधेश’ नारा लिएर जलवायु सम्मेलनमा जाँदै वीरगन्ज

मुस्ताङको घरपफोङमा भदौ ३० र ३१ मा हुने ‘घरपफोङ जलवायु परिवर्तन सम्मेलन, २०८३’ मा देशभरका स्थानीय तहका प्रतिनिधि तथा जलवायु विज्ञहरूको सहभागिता रहनेछ।



**शंकर आचार्य**

पर्सा, २८ भदौ। जलवायु परिवर्तनका कारण तराई–मधेशमा बढ्दै गएको अत्यधिक गर्मी र घट्दो भूमिगत जलसतहको समस्या राष्ट्रिय मञ्चमा उठाउन वीरगन्ज महानगरपालिकाको टोली मुस्ताङको जोमसोम जाने भएको छ। मुस्ताङको घरपफोङ गाउँपालिकामा भदौ ३० र ३१ गते आयोजना हुने ‘घरपफोङ जलवायु परिवर्तन सम्मेलन, २०८३’ मा सहभागी हुन महानगरको टोली भदौ ३० मा जोमसोम जाने भएको हो। सम्मेलनका लागि महानगरले ‘तात्तिँदै वीरगन्ज, सुक्दै मधेश’ नारा तय गरेको छ।

सम्मेलनमा सहभागी हुन जाने महानगरका प्रशासन प्रमुख कीर्ति सुवेदी र वातावरण शाखा प्रमुख राकेश साहलाई कार्यवाहक प्रमुख इम्तियाज आलम र प्रमुख प्रशासकीय अधिकृत वसन्त बोहराले शुक्रबार विशेष कार्यक्रमबीच बिदाइ गरेका छन्। बिदाइ कार्यक्रममा कार्यवाहक प्रमुख आलमले जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्र नभई तराई–मधेशमा पनि गम्भीर रूपमा देखिन थालेको बताए। उनका अनुसार वीरगन्जसहित मधेशका विभिन्न क्षेत्रमा भूमिगत जलसतह घट्दै जाँदा खानेपानीको समस्या चर्किँदै गएको छ।

‘जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा मात्र सीमित नरहेर तराई–मधेशमा अझ भयावह रूपमा देखिन थालेको छ,’ उनले भने, ‘जोमसोममा हुने भेलामार्फत मधेशले भोगिरहेको वातावरणीय संकट र तराईका वास्तविक समस्यालाई दृढताका साथ प्रस्तुत गर्नेछौं।’ प्रमुख प्रशासकीय अधिकृत बोहराले सम्मेलनले स्थानीय तहहरूलाई

–बाँकी तीन पेजमा

## मधेसमा इन्जिनियरिङ क्याम्पस स्थापना गर्न सरकारले थाल्यो तयारी



काठमाडौं., २८ भदौ। नयाँ क्याम्पसलाई परम्परागत शिक्षामा मात्र सीमित नराखी अनुसन्धान र नवप्रवर्तनमा केन्द्रित गर्ने सरकारको योजना छ। आधुनिक प्रविधि, वैज्ञानिक अनुसन्धान, आविष्कार तथा व्यावहारिक प्रयोगलाई प्राथमिकता दिँदै क्याम्पसलाई अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने तयारी गरिएको छ।

सरकारले मधेसमा इन्जिनियरिङ अध्ययन संस्थानको क्याम्पस स्थापना भएपछि यस क्षेत्रका विद्यार्थीलाई आफ्नै प्रदेशमा गुणस्तरीय प्राविधिक शिक्षा हासिल गर्ने अवसर बढ्ने अपेक्षा गरेको छ। साथै, स्थानीयस्तरमै अनुसन्धान तथा प्राविधिक नवप्रवर्तनको वातावरण निर्माण हुने विश्वास गरिएको छ।

हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानका आङ्गिक क्याम्पसहरू पुल्चोक, थापाथली, धरान, चितवन र पोखरामा सञ्चालनमा छन्। मधेस प्रदेशमा नयाँ क्याम्पस स्थापना भएमा इन्जिनियरिङ शिक्षाको भौगोलिक पहुँच विस्तार हुने अपेक्षा गरिएको छ।

## वीरगञ्जको मुख्य सडक विस्तार अन्तिम चरणमा

पर्सा, २८ भदौ। वीरगञ्जको मुख्य सडक विस्तारको काम अन्तिम चरणमा पुगेको छ। सडक डिभिजन कार्यालयले बाँकी संरचना हटाएर सोमबारसम्ममा सडक विस्तारको काम सम्पन्न गर्ने तयारी गरेको छ। हेटौंडास्थित सडक डिभिजन कार्यालय इन्जिनियर तथा वीरगञ्जका लागि तोकिएका प्रतिनिधि दुर्गाप्रसादले नेपाल टेलिकमको भवन र माइस्थान नजिकै सडक विस्तारका क्रममा उत्पन्न विवाद आज समाधान गरी भोलिसम्ममा काम सम्पन्न गर्ने लक्ष्य रहेको जानकारी दिए। उनका अनुसार नापजाँचको कामसमेत एक साताभित्र पूरा गर्ने योजना छ।

उनले सडक सीमाभित्र रहेका अधिकांश संरचना हटाइसकिएको र बाँकी संरचना हटाउने काम तीव्र गतिमा भइरहेको बताए। अहिले सिद्धार्थ बैंक, पमपम बिल्डिङ र हनुमान मन्दिर पछाडिका केही संरचना हटाउने काम भइरहेको उनले जानकारी दिए। सडक विस्तारका क्रममा घरधनीले आंशिक रूपमा मात्रै संरचना भत्काएका कारण अधुरा रहेका संरचना हटाउने कामसमेत तीव्र गतिमा भइरहेको उनले बताए।

सडक डिभिजन कार्यालयले पहिलो चरणमा गत वैशाख ६ र ७ गते मुख्य सडकको दायाँ–बायाँ २५–२५ मिटरभित्र पर्ने करिब एक हजार २०० घर तथा भवनका अगाडिका भाग डोजर प्रयोग गरी हटाएको थियो। सडक विस्तारका लागि उत्तरतर्फ गण्डक क्षेत्रबाट र दक्षिणतर्फ मितेरी पुलबाट एकैसाथ आधा दर्जनभन्दा बढी डोजर परिचालन गरिएको थियो।

सडक सीमाभित्र परेका संरचना २५ दिनभित्र आफैँ हटाउन सम्बन्धित घरधनीलाई आग्रह

–बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## चार वर्षदेखि थन्किएको शैक्षिक सुधारको रकम

सार्वजनिक शिक्षाको सुधारका लागि छुट्याइएको बजेट समयमै सदुपयोग हुन नसक्नु आफैंमा विडम्बना हो। सिरहाको नरहा गाउँपालिकामा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणका लागि करिब चार वर्षअघि निकासा भएको करोडौं होइन, तर विद्यालयका लागि अत्यन्त महत्वपूर्ण रकम अझै खर्च हुन नसक्नु स्थानीय सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न हो। भवन निर्माणका लागि विद्यालयको खातामा रकम पुगे पनि निर्माण प्रक्रिया अघि नबढ्नु विकास बजेटको चरम दुरुपयोग र प्रशासनिक उदासीनताको उदाहरण हो।

नरहा–३ को जनता आधारभूत विद्यालय बत्राहीका लागि चार कोठे भवन निर्माण गर्न ४५ लाख रुपैयाँ तथा अन्य तीन विद्यालयका लागि दुई–दुई कोठे भवन निर्माण गर्न २२ लाख ५० हजार रुपैयाँका दरले रकम निकासा भएको बताइएको छ। आर्थिक वर्ष २०७९/८० मै विद्यालयको खातामा रकम जम्मा भएर रोक्का रहनु र चार वर्षसम्म पनि निर्माण सुरु नहुनु सामान्य ढिलाइ मान्न सकिँदैन। यस अवधिमा कार्यक्रमको नामसमेत परिवर्तन भएर 'राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम' भइसकेको छ। तर विद्यालयको अवस्था भने उस्तै छ।

यता भवन अभावका कारण विद्यार्थीले असहज वातावरणमा पढ्नुपरेको छ। कतिपय विद्यालयमा एउटै कोठामा विद्यार्थी कोचिएर बस्नुपर्ने, कतै फरक कक्षाका विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनुपर्ने बाध्यता छ। सरकारले शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले बजेट छुट्याउने, रकम विद्यालयको खातामा पठाउने तर त्यसको कार्यान्वयन नहुने हो भने त्यस्तो बजेटले अपेक्षित शैक्षिक उपलब्धि कसरी हासिल गर्न सक्छ? भौतिक पूर्वाधार अभावमै बालबालिकालाई गुणस्तरीय शिक्षाको अपेक्षा गर्नु विरोधाभासपूर्ण हुन्छ।

विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकहरूले गाउँपालिका अध्यक्षकै कारण निर्माण प्रक्रिया अघि बढ्न नसकेको आरोप लगाएका छन्। अध्यक्षले सुरुमा आफूले नै भवन निर्माण गरिदिने प्रस्ताव राखेको, विद्यालयले आफैं निर्माण गर्ने अडान लिएपछि विषय अड्किएको उनीहरूको भनाइ छ। पटक–पटक ताकेता गर्दा पनि डिजाइन, स्टिमेट र कार्यादेश नपाएको गुनासोसमेत सार्वजनिक भएको छ। आरोपको सत्यता सम्बन्धित निकायले छानबिन गर्नुपर्छ, तर चार वर्षसम्म काम नहुनुको वास्तविक कारणबारे पालिकाले स्पष्ट जवाफ दिनैपर्छ।

अर्कोतर्फ गाउँपालिका अध्यक्ष रामप्रमोद यादवले विद्यालयको खातामा समस्या भएकाले ढिलाइ भएको दाबी गरेका छन्। सबै समस्या समाधान भइसकेकाले अब चाँडै काम सुरु हुने उनको भनाइ छ। तर चार वर्षसम्म रकम रोकिएर बस्नुको कारण केवल 'खाताको समस्या' भनेर पन्छिनु पर्याप्त जवाफ होइन। यदि बैंक खातामा समस्या थियो भने त्यो समस्या कहिले देखियो, समाधानका लागि के–के पहल भयो र यति लामो समय किन लाग्यो भन्ने विवरण पालिकाले सार्वजनिक गर्नुपर्छ। सार्वजनिक रकमको जिम्मेवारी लिने निकायले जवाफदेहिताबाट उम्किन मिल्दैन।

नयाँ प्रमुख प्रशासकीय अधिकृतले विषय अध्ययन गरिरहेको र प्रक्रिया पूरा गरी चाँडै कार्यादेश दिने बताएका छन्। यो सकारात्मक संकेत हो। तर अब फेरि 'चाँडै' भन्ने आश्वासनमै समय बिताउनु हुँदैन। पालिकाले तत्काल प्राविधिक प्रक्रिया पूरा गरी स्पष्ट समयसीमा तोकेर निर्माण सुरु गर्नुपर्छ। विद्यालयको खातामा रहेको रकमको अवस्था, ब्याज तथा खर्चसम्बन्धी विवरणसमेत पारदर्शी बनाउन आवश्यक छ।

स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो। त्यसैले शिक्षा, स्वास्थ्य र पूर्वाधारजस्ता आधारभूत विषयमा राजनीतिक स्वार्थ वा व्यक्तिगत टकरावले स्थान पाउनु हुँदैन। विद्यालय भवन कसले बनाउने भन्ने विवादभन्दा महत्वपूर्ण विषय बालबालिकाले कहिले सुरक्षित र पर्याप्त कक्षाकोठा पाउने? भन्ने हो। चार वर्षदेखि रोकिएको रकम र अधुरो प्रक्रिया अब पनि लम्ब्याइयो भने यो केवल एउटा भवन निर्माणको असफलता होइन, बालबालिकाको शिक्षामाथिको अन्याय हुनेछ।

त्यसैले नरहा गाउँपालिकाले तत्काल चारवटै विद्यालयको निर्माण प्रक्रिया अघि बढाई कामको प्रगति सार्वजनिक गर्नुपर्छ। आवश्यक परे सम्बन्धित निकायले समेत छानबिन गरी दोषी देखिए कारबाही गर्नुपर्छ। शैक्षिक सुधारका नाममा आएको रकम थन्क्याएर सुधार हुँदैनन्न समयमै बजेट खर्च, पारदर्शी प्रक्रिया र परिणाममुखी काम नै वास्तविक शैक्षिक सुधारको आधार हो।

# दक्षिण एसिया, नेपाल र बदलिँदो विश्व राजनीतिमा दुई ध्रुवीयताको बहस

धनराज आचार्य

विश्व राजनीति अहिले एउटा निर्णायक सङ्क्रमणको चरणमा छ। दोस्रो विश्वयुद्धपछि निर्माण भएको अन्तर्राष्ट्रिय शक्ति–संरचना र सन्तुलन क्रमशः बदलिँदै गएको छ। लामो समयसम्म विश्व अर्थतन्त्र, अन्तर्राष्ट्रिय वित्त, सुरक्षा र कूटनीतिमा निर्णायक प्रभाव राख्दै आएको पश्चिमकेन्द्रित व्यवस्थालाई चीनको आर्थिक–प्राविधिक शक्ति, रुसको रणनीतिक पुनरागमन, भारतको बढ्दो प्रभाव र ग्लोबल साउथको सामूहिक आवाजले चुनौती दिइरहेको छ।

यही बदलिँदो विश्व व्यवस्थाको एउटा महत्त्वपूर्ण अभिव्यक्ति हो— ब्रिक्स। नयाँदिल्लीमा सेप्टेम्बर १२–१३ मा भइरहेको १८औं ब्रिक्स शिखर सम्मेलनले यसका सदस्य राष्ट्रहरुबिचको आर्थिक सहकार्यको विषय उठाएकोमात्रै छैन यसले विश्व शक्ति–सन्तुलनको आगामी दिशा कता जान सक्छ भन्ने प्रश्नलाई पनि केन्द्रमा ल्याएको छ। भारतको अध्यक्षतामा भइरहेको यस सम्मेलनमा चीनका राष्ट्रपति शी जिनपिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायतका प्रमुख नेताहरूको अनपेक्षित सहभागिता छ। भारतले यस वर्ष ब्रिक्सको अध्यक्षता गर्दै 'बिल्डिङ फर रिजिलियन्स, इनोभेसन, कोअपरेसन एन्ड सस्टेनेबिलिटी' लाई आफ्नो मूल विषय बनाएको छ। तर मेरो विचारमा यसको सबैभन्दा ठुलो महत्त्व घोषणापत्रका शब्दहरूमा होइन, यसले निर्माण गर्न खोजिरहेको नयाँ शक्ति–सन्तुलनमा छ।

### चीन, रुस र भारत र नेपथ्यमा उत्तरकोरिया : नयाँ ध्रुवको सङ्केत ?

चीन र रुसबिचको बढ्दो रणनीतिक सहकार्य आजको विश्व राजनीतिमा एउटा महत्वपूर्ण यथार्थ हो। ऊर्जा, व्यापार, प्रविधि, सुरक्षा र कूटनीतिका क्षेत्रमा उनीहरूको सहकार्यले पश्चिमी प्रभुत्वको विकल्प निर्माण गर्ने सम्भावनालाई बल दिएको छ। त्यसमा भारतको भूमिका अझ रोचक छ। भारत चीनसँग सीमा र व्यापारका गम्भीर मतभेद राख्छ। अमेरिकासँग उसको रणनीतिक र सुरक्षा सम्बन्ध पनि निरन्तर विस्तार भइरहेको छ, तर भारत रुससँगको पुरानो रणनीतिक सम्बन्धलाई पनि छोड्न तयार देखिँदैन। नयाँदिल्लीमा मोदी–पुटिनबिचको भेटमा रक्षा, ऊर्जा, व्यापार, प्रविधि र अन्य क्षेत्रमा सहकार्यको समीक्षा भएको छ।

अझ महत्वपूर्ण कुरा, यसै ब्रिक्स सम्मेलनको क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति शी जिनपिङबिच भएको भेट हो। २०२० को सीमा तनावपछि भारत–चीन सम्बन्धमा आएको चिसोपनका बिच भएको यो भेटलाई सम्बन्ध सुधारको सावधान प्रयासका रूपमा हेरिएको छ। यसको अर्थ भारतले चीनसँगका सबै विवाद समाप्त गरिसक्यो भन्ने होइन। चीन–भारतबिच सीमा, व्यापार, लगानी र रणनीतिक प्रतिस्पर्धाका प्रश्न अझै गम्भीर छन्, तर राजनीतिमा संवाद आफैँमा महत्त्वपूर्ण कुरा हो। दुई ठूला आणविक शक्ति आमनेसामने उभिनुभन्दा संवादको टेबलमा बस्नु दक्षिण एसियाका लागि राम्रो कुरा हो।

### ब्रिक्स समाजवादी मोर्चा होइन

वामपन्थी दृष्टिकोणबाट ब्रिक्सको मूल्याङ्कन गर्दा एउटा वैचारिक स्पष्टता आवश्यक छ। ब्रिक्स कुनै समाजवादी मोर्चा होइन। यसमा फरक राजनीतिक व्यवस्था, फरक आर्थिक संरचना र फरक राष्ट्रिय स्वार्थ भएका देशहरू छन्। चीनको समाजवादी राजनीतिक संरचना र रुस वा भारतको आर्थिक–राजनीतिक संरचनालाई एउटै तराजुमा राख्न मिल्दैन। त्यसैले ब्रिक्सलाई 'समाजवादी विश्व निर्माणको संगठन' भनेर बुझ्नु राजनीतिक रूपमा अतिसरलीकरण हुन्छ, तर त्यसो भन्दैमा यसको ऐतिहासिक महत्वलाई कम आँक्न पनि मिल्दैन।

मुख्य प्रश्न यो हो, के विश्वमा एउटै शक्ति केन्द्रको निर्णायक प्रभुत्वको ठाउँमा धेरै शक्ति केन्द्रहरू निर्माण हुँदैछन् ? यदि उत्तर 'हो' भने त्यो विकासोन्मुख र साना राष्ट्रहरूका लागि महत्वहीन विषय होइन। म व्यक्तिगत रुपमा द्वि ुवीय शक्ति–सन्तुलनको पक्षमा छु। अर्थात् म व्यक्तिगत रूपमा विश्व राजनीतिमा दुई ध्रुवीय शक्ति–सन्तुलन आवश्यक छ भन्ने मान्यता राख्छु। यो कुनै एउटा देशको पक्षमा उभिने प्रश्न होइन। यो शक्ति–सन्तुलनको प्रश्न हो। इतिहासले देखाएको छ– जब एउटा शक्ति वा एउटा समूहले विश्व राजनीतिमा असाधारण प्रभुत्व कायम गर्छ, त्यसको प्रतिरोध गर्ने प्रभावकारी शक्ति कमजोर हुँदा साना र विकासोन्मुख देशहरूले बढी मूल्य चुकाउनुपर्ने हुन्छ।

दोस्रो विश्वयुद्धपछि बनेको अन्तर्राष्ट्रिय संरचनामा अमेरिका र उसका सहयोगी राष्ट्रहरूको प्रभाव असाधारण रूपमा बढ्यो। त्यसपछि विश्वका धेरै राजनीतिक, आर्थिक र सुरक्षा संस्थाहरू पश्चिमी शक्ति–सन्तुलनको प्रभावमा सञ्चालन भए। शीतयुद्धको दुई ुवीय विश्वमा पनि अनेक समस्या थिए, तर त्यस अवधिमा दुई ठुला शक्ति केन्द्रबिचको प्रत्यक्ष प्रतिस्पर्धाले विश्व राजनीतिमा एउटा प्रकारको नियन्त्रण र प्रतिरोधको संरचना पनि निर्माण गरेको थियो। सोभियत संघको विघटनपछि संसार केही समयका लागि लगभग एक ुवीय बन्यो।

त्यसपछि प्रश्न उठ्यो– के एक ध्रुवीय विश्व साँच्चिकै सुरक्षित, न्यायपूर्ण र सन्तुलित विश्व हुन सक्छ ? मेरो उत्तर हो– हुँदैन।

आज चीनको उदय, रुसको पुनर्संरचना, भारतको बढ्दो भूमिका र ब्रिक्सको विस्तारले फेरि शक्ति–सन्तुलनको बहसलाई अगाडि ल्याएको छ। यसलाई म सकारात्मक सम्भावनाका रूपमा हेर्छु। ब्रिक्सको सफलता विकासोन्मुख मुलुकका लागि किन महत्वपूर्ण छ ? ब्रिक्स अहिले ११ सदस्य राष्ट्मा विस्तार भइसकेको छ र यसका सदस्यहरूले विश्व जनसंख्याको करिब आधा तथा विश्व अर्थतन्त्रको ठुलो हिस्सा प्रतिनिधित्व गर्छन्। यसको अर्थ ब्रिक्स अब केही उदीयमान अर्थतन्त्रको क्लबमात्र रहेन। यो ग्लोबल साउथको सामूहिक आवाजलाई अन्तर्राष्ट्रिय संस्थाहरूमा बलियो बनाउने एउटा महत्त्वपूर्ण मञ्च बन्दै गएको छ।

नयाँदिल्ली घोषणाले बहुपक्षीयता, अन्तर्राष्ट्रिय संस्थाहरूमा सुधार, विकासशील देशहरूको प्रतिनिधित्व, आर्थिक सहकार्य र एकपक्षीय व्यापारिक तथा गैर–व्यापारिक अवरोधप्रति चिन्ता व्यक्त गरेको छ। यही कारणले ब्रिक्सको सफलता नेपालजस्तो विकासोन्मुख मुलुकका लागि पनि महत्त्वपूर्ण छ। किनकि हामीलाई विश्वमा अर्को कुनै प्रभुत्वशाली शक्ति चाहिएको होइन, विकल्प चाहिएको हो। विकल्प धेरै भएपछि साना देशको वार्ताशक्ति पनि बढ्छ।

### अमेरिकाका लागि यसको अर्थ के हो ?

अमेरिकी दृष्टिकोणबाट हेर्दा ब्रिक्सको विस्तारलाई सामान्य आर्थिक सहकार्यका रूपमा मात्र बुझ्न कठिन हुन्छ। किनकि यदि विश्व व्यापारको केही हिस्सा वैकल्पिक वित्तीय प्रणालीतर्फ जान्छ, स्थानीय मुद्रामा कारोबार बढ्छ, ऊर्जा र रणनीतिक वस्तुको व्यापारमा पश्चिमी वित्तीय संरचनाको निर्भरता घट्छ र विकासशील राष्ट्रहरूले अन्तर्राष्ट्रिय संस्थामा सामूहिक आवाज उठाउन थाल्छन् भने अमेरिकी प्रभावको तुलनात्मक वजनमा असर पर्न सक्छ।

तर ब्रिक्सलाई नाटोजस्तो सैन्य गठबन्धनका रूपमा बुझ्नु पनि गलत हुन्छ। ब्रिक्सभित्रै ठुलो विविधता र अन्तर्विरोध छ। भारत अमेरिकासँग पनि नजिक छ। चीनसँग उसको प्रतिस्पर्धा छ। खाडी मुलुकहरूको पश्चिमसँग गहिरो आर्थिक सम्बन्ध छ। रुसको आफ्नै सुरक्षा तथा भू–राजनीतिक प्राथमिकता छन्। त्यसैले ब्रिक्सको शक्ति यसको पूर्ण राजनीतिक एकतामा भन्दा वैकल्पिक शक्ति–सन्तुलन निर्माण गर्ने सामूहिक क्षमतामा बढी छ। अमेरिकाले पनि यही कारणले ब्रिक्सको विकासलाई ध्यानपूर्वक हेरिरहेको हुनुपर्छ।

### दक्षिण एसियामा यसको प्रभाव

दक्षिण एसिया विश्वको सबैभन्दा संवेदनशील भू–राजनीतिक क्षेत्रमध्ये एक हो। भारत स्वयं ब्रिक्सको प्रमुख शक्ति हो। चीन अर्को प्रमुख शक्ति हो। रुससँग भारतको गहिरो सम्बन्ध छ। अमेरिकाले भारतसँग रणनीतिक सम्बन्ध बढाइरहेको छ। यस अवस्थामा दक्षिण एसिया विश्व शक्ति–प्रतिस्पर्धाको मैदान बन्ने खतरा पनि छ, तर यही ठाउँमा अर्को सम्भावना पनि छ। यदि भारत र चीनबिच प्रतिस्पर्धाको साथसाथै संवाद र आर्थिक सहकार्य बढ्न थाल्यो भने दक्षिण एसियामा स्थायित्वको नयाँ वातावरण बन्न सक्छ। ब्रिक्स सम्मेलनको छेउमा भएको मोदी–शी संवादलाई त्यसै अर्थमा हेर्न सकिन्छ। यसलाई ठुलो उपलब्धि भनेर तत्काल निष्कर्ष निकाल्न मिल्दैन, तर संवाद पुनः सक्रिय हुनु आफैँमा सकारात्मक संकेत हो।

### नेपालका लागि सबैभन्दा ठुलो अवसर

नेपालले अब 'चीन कि भारत ?' वा 'अमेरिका कि चीन ?' भन्ने पुरानो मानसिकताबाट बाहिर निस्कनुपर्छ। नेपालको प्रश्न हुनुपर्छ– हाम्रो राष्ट्रिय हित कहाँ छ ? भारतसँग सम्बन्ध हाम्रो आवश्यकता हो। चीनसँग सम्बन्ध हाम्रो आवश्यकता हो। अमेरिका र युरोपसँग सम्बन्ध पनि हाम्रो आवश्यकता हो। तर नेपाल कुनै शक्तिको रणनीतिक प्रतिस्पर्धाको अखडा बन्नु हुँदैन। हामी कसैको विरोधमा होइन, नेपालको पक्षमा उभिनुपर्छ।

### नेपालका लागि ठोस नीति प्रस्ताव

बदलिँदो विश्व शक्ति–सन्तुलनलाई भाषणमा होइन, राष्ट्रिय नीतिमा रूपान्तरण गर्न केही ठोस कदम आवश्यक छन्।

**१. बहु ध्रुवीय विश्वमा सक्रिय असंलग्नता**

असंलग्नता भनेको चुप लागेर बस्ने नीति होइन। नेपालले सबै शक्ति केन्द्रसँग सम्बन्ध राख्दै आफ्नो राष्ट्रिय हितअनुसार निर्णय गर्ने सक्रिय कूटनीति अपनाउनुपर्छ।

**२. ब्रिक्ससँग संस्थागत संवाद**

नेपाल ब्रिक्स सदस्य बन्ने वा नबन्ने प्रश्नभन्दा पहिले ब्रिक्सका विकास, वित्त, प्रविधि, ऊर्जा, पर्यटन र व्यापारसम्बन्धी संयन्त्रसँग संस्थागत संवाद बढाउनुपर्छ।

**३. वैकल्पिक व्यापार र पारवहन मार्ग**

भारतमा अत्यधिक निर्भरता वा चीनमा अत्यधिक निर्भरता दुवै जोखिमपूर्ण हुन्छन्। दुवै छिमेकीसँग पारवहन र व्यापारका विकल्प विस्तार गरी नेपालले आफ्नो बार्गेनिङ पावर बढाउनुपर्छ।

**४. स्थानीय मुद्रामा व्यापारको सम्भाव्यता अध्ययन**

रुपैयाँ–भारु वा अन्य स्थानीय मुद्रामा हुने सम्भावित कारोबारलाई व्यवस्थित गर्दै तेस्रो मुलुकसँगको व्यापारमा पनि वैकल्पिक भुक्तानी संयन्त्रबारे अध्ययन गर्नुपर्छ।

**५. विदेशी ऋण होइन, उत्पादनमुखी लगानी**

–बाँकी तीन पेजमा

## *दक्षिण एसिया,...*

जुनसुकै देश वा संस्थाबाट ऋण आए पनि त्यसले उत्पादन, रोजगारी र निर्यात बढाउँछ कि बढाउँदैन भन्ने आधारमा मूल्याङ्कन हुनुपर्छ।

**६. ऊर्जा कूटनीति**

नेपालको जलविद्युत् अब विद्युत् बेच्ने विषयमात्रै होइन। भारत, बंगलादेश र चीनसँग दीर्घकालीन ऊर्जा सहकार्य विस्तार गरेर नेपाललाई क्षेत्रीय ऊर्जा केन्द्र बनाउन लाग्नु पर्दछ।

**७. चीन–भारतबीच आर्थिक पुल**

नेपालले भौगोलिक अवस्थालाई समस्या होइन, अवसरका रूपमा लिनुपर्छ। दुई ठुला बजारबिचको व्यापार, पर्यटन, ऊर्जा र सेवा क्षेत्रको पुल बन्न सक्ने रणनीति आवश्यक छ।

**८. रणनीतिक पूर्वाधारमा राष्ट्रिय सहमति**

ठुला पूर्वाधारमा विदेशी लगानी आवश्यक भए पनि त्यसका सर्त, ऋणको भार, स्वामित्व, रोजगारी र दीर्घकालीन राष्ट्रिय प्रभावको पारदर्शी मूल्याङ्कन अनिवार्य हुनुपर्छ।

**९. युवालाई उत्पादनसँग जोड्ने नीति**

विश्व शक्ति–सन्तुलनको बहस तबमात्र अर्थपूर्ण हुन्छ, जब नेपालका युवाले रोजगारी पाउँछन्। कृषि, सूचना प्रविधि, पर्यटन, ऊर्जा, निर्माण र उद्योगमा युवालाई जोड्ने राष्ट्रिय उत्पादन अभियान आवश्यक छ।

**१०. परराष्ट्र नीतिमा दलगत होइन, राष्ट्रिय सहमति**

सरकार फेरिएसँगै नेपालको विदेश नीति फेरिने प्रवृत्ति अन्त्य गर्नुपर्छ। राष्ट्रिय सुरक्षा, छिमेकी सम्बन्ध, अन्तर्राष्ट्रिय सहायता र रणनीतिक परियोजनाका विषयमा न्यूनतम राष्ट्रिय सहमति आवश्यक छ।

**जेनजी आन्दोलनपछिको नेपाल र ब्रिक्स**

• नेपालको आन्तरिक राजनीतिलाई पनि यस विश्व परिवर्तनबाट अलग गरेर हेर्न मिल्दैन।

• पछिल्लो जेनजी आन्दोलनले पुरानो राजनीतिक शैली, नेतृत्वप्रतिको असन्तुष्टि र राज्यप्रतिको नयाँ पुस्ताको अपेक्षालाई सतहमा ल्याइदिएको छ।

• यसले एउटा कुरा स्पष्ट गरेको छ– पुरानो राजनीतिक संरचना मात्र दोहोऱ्याएर नयाँ पुस्ताको विश्वास जित्न सकिँदैन, तर पुराना दलहरूको अन्त्य भइसकेको निष्कर्ष निकाल्नु पनि हतार हुनेछ।

• इतिहासमा राजनीतिक शक्तिहरू कमजोर हुन्छन्, विभाजित हुन्छन्, आलोचित हुन्छन्, तर नयाँ परिस्थितिअनुसार आफूलाई रूपान्तरण गर्न सके पुनः संगठित भएर फर्किन पनि सक्छन्।

• त्यसैले ब्रिक्सजस्तो अन्तर्राष्ट्रिय घटनालाई नेपालको आन्तरिक राजनीतिक पुनर्संरचनासँग जोडेर हेर्नु पनि आवश्यक छ।

• यदि पुराना वामपन्थी तथा लोकतान्त्रिक शक्तिहरूले नयाँ पुस्ताको आकाङ्क्षा, प्रविधि, सुशासन, रोजगारी, उत्पादन र राष्ट्रिय स्वाधीनताको प्रश्नलाई आफ्नो राजनीतिक एजेन्डासँग जोड्न सके भने उनीहरूको पुनरुत्थान सम्भव छ।

• तर केवल पुरानो भाषण, पुरानो संगठन र पुरानै नेतृत्व शैलीबाट त्यो सम्भव हुँदैन। नयाँ विश्वका लागि नयाँ राजनीतिक सोच आवश्यक छ।

**वामपन्थी शक्तिका लागि नयाँ प्रश्न**

• वामपन्थी आन्दोलनले पनि आफ्नो अन्तर्राष्ट्रिय दृष्टिकोण पुनःपरिभाषित गर्नुपर्ने समय आएको छ।

• कुनै देश ठूलो भएकै कारण उसको अन्धसमर्थन गर्ने होइन। कुनै देश पश्चिमी भएकै कारण उसको अन्धविरोध गर्ने पनि होइन।

• हाम्रो मापदण्ड स्पष्ट हुनुपर्छ– राष्ट्रिय स्वाधीनता, आर्थिक आत्मनिर्भरता, श्रमजीवी जनताको अधिकार, समान अन्तर्राष्ट्रिय सम्बन्ध, शान्ति, उत्पादन, सामाजिक न्याय।

• यदि ब्रिक्सको विस्तारले यी आधारमा नयाँ सम्भावना खोल्छ भने त्यसलाई उपयोग गर्नुपर्छ। यदि कुनै शक्ति केन्द्रले नयाँ प्रकारको निर्भरता वा शोषण सिर्जना गर्छ भने त्यसको पनि विरोध गर्नुपर्छ।

• वामपन्थी हुनु भनेको कुनै एउटा शक्तिको स्थायी समर्थक हुनु होइनन्न जनताको पक्षमा उभिनु हो।

• अर्को विश्वयुद्ध होइन, शक्ति–सन्तुलन चाहिन्छ

• आजको विश्वमा सबैभन्दा ठुलो खतरा शक्ति–सन्तुलनको अभावमात्र होइन, शक्ति–संघर्षको गलत व्यवस्थापन हो।

• विश्वका ठुला शक्तिहरूबिच संवाद कमजोर भयो, अविश्वास बढ्यो र सैन्य गठबन्धनहरू आमनेसामने भए भने त्यसको मूल्य साना राष्ट्र र साधारण जनताले तिर्नुपर्नेछ।

**त्यसैले मेरो व्यक्तिगत धारणा स्पष्ट छ–**

• म अर्को विश्वयुद्धको पक्षमा होइन, त्यसलाई रोक्न सक्ने विश्व शक्ति–सन्तुलनको पक्षमा छु।

• म द्विध्रुवीय सन्तुलनलाई त्यस अर्थमा आवश्यक ठान्छु। एक पक्षले संसारलाई आफूले चाहेजस्तो चलाउने अवस्था पनि ठिक होइन। धेरै शक्ति केन्द्रहरूबिच यस्तो सन्तुलन आवश्यक छ, जहाँ कुनै पनि शक्तिले संसारमाथि एकल निर्णय थोपर्न नसकोस्।

• ब्रिक्सलेयही दिशामा कति प्रभावकारी भूमिका खेल्न सक्छ भन्ने कुरा आगामी वर्षहरूले प्रमाणित गर्नेछन्।

अन्त्यमा,

• नयाँदिल्लीको १८औँ ब्रिक्स शिखर सम्मेलनलाई एउटा कूटनीतिक कार्यक्रमका रूपमा हेर्नु भूल हुनेछ।

• चीन र रुसको रणनीतिक सहकार्य, भारतको स्वतन्त्र रणनीतिक भूमिका, चीन–भारतबिचको संवाद र ग्लोबल साउथको बढ्दो सामूहिक आवाजले विश्व राजनीतिमा नयाँ सम्भावनाको संकेत गरेको छ। नयाँदिल्ली घोषणाले पनि बहुपक्षीयता, विकासशील मुलुकहरूको प्रतिनिधित्व र संवादमार्फत विवाद समाधानको आवश्यकतालाई जोड दिएको छ।

• ब्रिक्स समाजवाद होइन, ब्रिक्स पूर्णतः एकीकृत राजनीतिक मोर्चा पनि होइन, तर एकध्रुवीय विश्व व्यवस्थाको विकल्प खोज्ने प्रक्रियामा यसको भूमिका महत्त्वपूर्ण बन्दै गएको छ।

• मेरो दृष्टिमा यसको सफलता नेपालजस्ता विकासोन्मुख मुलुकका लागि हितकर हुन सक्छ– यदि त्यसले विश्वलाई अर्को प्रभुत्वशाली ुवमा होइन, सन्तुलित शक्ति–संरचनातर्फ लैजान्छ भने।

• नेपालले कुनै ुवको पुच्छर बन्नु हुँदैन। नेपालले आफ्नो राष्ट्रिय हितको आधारमा सबैसँग सम्बन्ध राख्नुपर्छ।

• हामीले चीनसँग पनि सहकार्य गर्नुपर्छ, भारतसँग पनि, अमेरिकासँग पनि र विश्वका अन्य शक्तिहरूसँग पनि।

• तर निर्णयको केन्द्रमा एउटामात्र कुरा हुनुपर्छ– नेपाल।

• आज विश्व बदलिँदैछ, पुरानो विश्व व्यवस्था कमजोर हुँदैछ। नयाँ शक्ति–सन्तुलन निर्माण हुँदैछ।

• यस परिवर्तनबाट नेपालले के पाउने भन्ने प्रश्न बाह्य शक्तिले होइन, हाम्रो आफ्नै राजनीतिक दूरदृष्टि, कूटनीतिक क्षमता, आर्थिक उत्पादन र राष्ट्रिय आत्मविश्वासले तय गर्नेछ।

• र नेपालको आन्तरिक राजनीतिमा पनि यही सत्य लागू हुन्छ। पछिल्लो जेनजी आन्दोलनले दिएको सन्देशलाई पुराना दलहरूले बुझ्न सके, आफूलाई समयअनुकूल रूपान्तरण गर्न सके र राष्ट्रिय स्वाधीनता, उत्पादन, रोजगारी तथा सुशासनको नयाँ एजेन्डासहित अगाडि बढ्न सके भने पुराना राजनीतिक शक्तिको पुनरुत्थान असम्भव छैन।

• तर त्यो पुनरुत्थान पुरानो शैलीमा होइन— नयाँ पुस्ताको आकाङ्क्षा, नयाँ विश्व व्यवस्था र नेपालको नयाँ राष्ट्रिय आवश्यकतासँग जोडिएको नयाँ राजनीतिक सोचबाट मात्र सम्भव छ।

(लेखक आचार्य पोखरा महानगरका मेयर हुन्।) रातोपाटीबाट

## *‘तात्तिँदै वीरगन्ज,...*

जलवायु परिवर्तन अनुकूलनका रणनीति बनाउन साझा मञ्च उपलब्ध गराउने बताए। हिमालदेखि तराईसम्मका स्थानीय तह एकै ठाउँमा उभिएर साझा रणनीति निर्माण गर्नु आवश्यक रहेको उनको भनाइ छ।

सम्मेलनमा मधेशका तर्फबाट ठोस सुझाव र प्रतिवेदन प्रस्तुत गरिने उनले बताए। ‘हिमालदेखि तराईसम्मका स्थानीय तहहरू एकै ठाउँमा उभिएर साझा रणनीति बनाउनु आजको आवश्यकता हो,’ उनले भने। घरपझोङ गाउँपालिकाको आयोजनामा नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न भगिनी स्थानीय तहको सहयोगमा हुने सम्मेलनमा देशभरका स्थानीय तहका प्रतिनिधि तथा जलवायु विज्ञहरूको सहभागिता रहनेछ। सम्मेलनको समापनमा कालीगण्डकीको तटबाट ‘घरपझोङ घोषणापत्र, २०८३’ जारी गर्ने तयारी गरिएको छ। घोषणापत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका लागि स्थानीय तहले अपनाउनुपर्ने रणनीति र साझा प्रतिबद्धता समेटिने जनाइएको छ।

# ब्रिक्स सम्मेलन : विश्व अर्थतन्त्र र भू–राजनीतिक तनावबिच सहकार्यको खोजी




काठमाडौं, २८ भदौ। चीन, रुस, भारतसहित ब्रिक्स सदस्य राष्ट्रका नेताहरूले आइतबार भारतको राजधानी नयाँ दिल्लीमा सम्मेलनको दोस्रो दिन विभिन्न अन्तर्राष्ट्रिय विषयमा छलफल गरेका छन्। नेताहरूले विश्वको आर्थिक विकास, व्यापार, ऊर्जा सुरक्षा र अन्तर्राष्ट्रिय सहकार्य लगायतका विषयमा छलफल गरेका हुन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स सदस्य राष्ट्रबिच आपसी सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ।

उहाँले ब्रिक्स विश्व जनसंख्याको ठूलो हिस्सा र विश्व अर्थतन्त्रको महत्वपूर्ण भाग प्रतिनिधित्व गर्ने समूह भएको बताउनुभयो। मोदीका अनुसार ब्रिक्स राष्ट्रले विश्वको करिब ५० प्रतिशत जनसंख्या, ४० प्रतिशत कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र २५ प्रतिशतभन्दा बढी विश्व व्यापार प्रतिनिधित्व गर्छन्। चिनियाँ राष्ट्रपति सी जिनपिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू सहभागी सम्मेलनमा विश्वव्यापी आर्थिक वृद्धि र विभिन्न क्षेत्रीय द्वन्द्वका विषयमा छलफल भएको छ।

**समावेशी आर्थिक विकासमा जोड**

मोदीले ब्रिक्सको मुख्य शक्ति सदस्य राष्ट्रको विविधता र सहकार्यमा रहेको बताउनुभयो। फरक राजनीतिक, आर्थिक र सामाजिक अवस्था भएका देश भए पनि साझा सहकार्यबाट सबैले लाभ लिन सक्ने उनको भनाइ थियो। उहाँले विश्व आर्थिक विकास केही देश वा क्षेत्रसम्म मात्र सीमित नभई सबै देश र जनतासम्म पुग्नुपर्ने बताउनुभयो। ब्रिक्स सन् २००९ मा स्थापना भएको समूह हो।

सुरुमा ब्राजिल, रुस, भारत र चीन यसमा थिए भने पछि दक्षिण अफ्रिका सदस्य बनेको थियो। पछिल्लो विस्तारसँगै इरान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्सलगायत देश पनि समूहमा जोडिएका छन्। ब्रिक्सले पश्चिमी शक्तिको प्रभाव रहेका अन्तर्राष्ट्रिय संस्थामा विकासशील तथा उदीयमान अर्थतन्त्र भएका देशहरूको आवाज बलियो बनाउन खोज्दै आएको छ। विश्व अर्थतन्त्रमा आफ्नो प्रभाव बढाउँदै ब्रिक्सले व्यापार, ऊर्जा, वित्तीय सहकार्य र अन्तर्राष्ट्रिय राजनीतिक विषयमा साझा धारणा निर्माण गर्ने प्रयास गरिरहेको छ।

**मध्यपूर्वको बढ्दो तनावप्रति चिन्ता**

सम्मेलनको पहिलो दिन भने मध्यपूर्वमा बढिरहेको द्वन्द्व र तनाव प्रमुख विषय बनेको थियो। ब्रिक्सका विदेशमन्त्रीहरू यसअघि मे महिनामा नयाँ दिल्लीमा संयुक्त वक्तव्य जारी गर्न असफल भएका थिए। मध्यपूर्वको युद्धबारे सदस्य राष्ट्रहरूको धारणा फरक भएपछि सहमति बन्न सकेको थिएन। तर यसपटक लामो कूटनीतिक प्रयासपछि ब्रिक्स नेताहरूले मध्यपूर्वको अवस्थाबारे संयुक्त धारणा सार्वजनिक गरेका छन्।

संयुक्त वक्तव्यमा मध्यपूर्व तथा पश्चिम एसियामा बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई ‘अधिकतम संयमता’ अपनाउन आग्रह गरिएको छ। भारतले इरान र अमेरिकाको सहयोगी इजरायल दुवैसँग सम्बन्ध कायम राख्दै आएको छ। त्यसैले नयाँ दिल्लीले मध्यपूर्वको विषयमा सन्तुलित कूटनीतिक नीति अपनाउँदै आएको छ।

**रुससँग भारतको ऊर्जा सहकार्य**

मध्यपूर्वमा द्वन्द्व बढ्दा विश्वव्यापी ऊर्जा आपूर्तिमासमेत असर पर्ने चिन्ता छ। यस्तो अवस्थामा भारतले रुससँगको ऊर्जा सहकार्यलाई निरन्तरता दिएको छ। रुसमाथि युक्रेन युद्धका कारण अमेरिका र अन्य पश्चिमी देशहरूले दबाब तथा प्रतिबन्ध लगाउँदै आए पनि भारतले आफ्नो ऊर्जा आवश्यकता पूरा गर्न रुसबाट तेललगायत ऊर्जा स्रोत खरिद गर्दै आएको छ। यस विषयमा भारतले आफ्नो राष्ट्रिय हित र ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै स्वतन्त्र विदेश नीति अपनाएको बताउँदै आएको छ।

**सीको भारत भ्रमणलाई महत्वपूर्ण मानियो**

ब्रिक्स सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच भएको भेटलाई पनि विशेष महत्वका साथ हेरिएको छ। सन् २०१९ पछि सीको यो पहिलो भारत भ्रमण हो। चीन र भारतबीच लामो समयदेखि सीमा विवाद तथा रणनीतिक प्रतिस्पर्धा रहेकाले उनको भ्रमणलाई दुई देशबिचको सम्बन्ध सुधारतर्फको महत्वपूर्ण कदम मानिएको छ। मोदीसँगको भेटमा सीले चीन र भारतबीच धेरै विषयमा फरक धारणा भए पनि दुवै देशले एकअर्काको क्षमता र अनुभवबाट लाभ लिन सक्ने बताउनुभयो। उहाँले दुई देशले आपसी सहयोग बढाउँदै साझा विकासतर्फ अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

**सीमा विवाद अझै समाधान भएको छैन**

चीन र भारतबिचको मुख्य विवादमध्ये एक सीमा विवाद हो। दुवै देशबिच करिब तीन हजार ५०० किलोमिटर लामो उच्च हिमाली सीमा रहेको छ। सन् २०२० मा विवादित सीमाक्षेत्रमा चीन र भारतका सैनिकबीच भएको हिंसात्मक झडपपछि दुई देशबीचको सम्बन्ध थप तनावपूर्ण बनेको थियो। त्यसयता दुवै पक्षले सीमाक्षेत्रमा ठूलो संख्यामा सैनिक तथा सैन्य उपकरण तैनाथ गरेका छन्। यद्यपि पछिल्लो समय दुवै देशले सम्बन्ध सुधारका लागि विभिन्न कदम चालेका छन्। हवाई उडान, भिसा सेवा र उच्चस्तरीय भेटघाट पुनः बढ्न थालेका छन्। भारतीय विदेश मन्त्रालयका अनुसार मोदी र सीले सीमा विवादको निष्पक्ष, उचित र दुवै पक्षलाई स्वीकार्य समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

**व्यापार घाटा र रणनीतिक प्रतिस्पर्धा चुनौती**

सम्बन्ध सुधारको प्रयास भए पनि चीन र भारतबिच अझै ठूलो अविश्वास कायम छ। भारतले चीनसँग ठूलो व्यापार घाटा व्यहोर्दै आएको छ। साथै, एसियामा दुवै देशको बढ्दो आर्थिक तथा रणनीतिक प्रभावका कारण प्रतिस्पर्धा पनि तीव्र छ। सीले दुई देशले उच्चस्तरीय वित्तीय सहकार्य बढाउन, समान तथा दिगो विश्व व्यवस्था निर्माण गर्न र खुला एवं

# स्वदेशी कुखुरालाई भारतीय भन्दै नियन्त्रणमा लिएपछि किसान र व्यवसायीको आपत्ति



**अशोक पहाडी**

रौतहट, २८ भदौ। भारतबाट अवैध रूपमा कुखुरा भित्रिएको भन्दै रौतहटका किसानले सीमामा कडाइ गर्न माग गरिरहेका वेला सशस्त्र प्रहरीले स्वदेशमै उत्पादित ब्रोइलर कुखुरा बोकेका तीनवटा पिकअप नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाएको छ। आवश्यक कागजातसहित ढुवानी भइरहेको नेपाली कुखुरालाई भारतीय भन्दै नियन्त्रणमा लिएर भन्सारमा बुझाएको स्थानीय किसान तथा व्यवसायीहरूले बताएका छन्।

रौतहटको परोहा नगरपालिका–९ स्थित अरमान एग्रो पोल्ट्री फार्ममा उत्पादित ब्रोइलर कुखुरा बोकेर बजारतर्फ जाँदै गरेका तीनवटा पिकअप शनिबार साँझ सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो। बागमती प्रदेश ०१–०२७ च ८४८३, ना ५ च १८९८ र प्रदेश २–०३–००१ च ०६७७ नम्बरका गाडी सशस्त्रले नियन्त्रणमा लिएको हो। सशस्त्र प्रहरीले तीनवटै गाडी गौर भन्सार कार्यालयमा बुझाएको थियो। तर, कुखुरा स्वदेशमै उत्पादित भएको पुष्टि हुने फर्म दर्ता, अनलाइन इन्ट्री, चल्ला खरिदको बिल, दाना खरिदको बिल तथा भेटेरिनरी प्रमाणपत्र लगायतका कागजात पेस भएपछि भन्सार कार्यालयले आइतबार दिउँसो तीनवटै गाडीमा रहेका कुखुरा सम्बन्धित किसान तथा व्यवसायीलाई फिर्ता गरेको छ।

किसानका अनुसार भन्सार कार्यालयमा बुझाउनुअघि नै गाडीको माथिल्लो तहमा राखिएका सयौँ कुखुरा बाटोमै हराएका छन्। जीवित कुखुरालाई लामो समय नियन्त्रणमा राख्दा मर्ने तथा नष्ट हुने जोखिमसमेत हुने उनीहरूको भनाइ छ। यो घटनाले भारतीय कुखुराको अवैध आयात नियन्त्रणको माग गर्दै आन्दोलन गरिरहेका किसानमा सुरक्षा निकायको कदमप्रति असन्तुष्टि बढाएको छ।

रौतहटका कुखुरापालक किसानले केही दिनयता जिल्लाका विभिन्न सीमावर्ती नाकाबाट भारतीय कुखुरा निर्वाध रूपमा नेपाल भित्रिरहेको आरोप लगाउँदै आएका छन्। सीमामा तैनाथ सुरक्षाकर्मीकै मिलेमतोमा भारतीय कुखुरा नेपाली बजारमा आउने गरेको आरोप लगाउँदै किसानले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्रसमेत बुझाएका छन्। ज्ञापनपत्रमा सीमामा खटिएका सुरक्षाकर्मीकै मिलेमतोमा भारतीय कुखुरा नेपाली बजारसम्म पुग्ने गरेको उल्लेख गरिएको किसानहरूले बताएका छन्। सञ्चारमाध्यममार्फत पनि भारतीय कुखुराको अवैध आयातका कारण नेपाली कुखुरापालक किसान संकटमा परेको विषय सार्वजनिक हुँदै आएको छ।

जिल्ला कुखुरा व्यावसायिक किसान संघका अनुसार भारतबाट अवैध रूपमा कुखुरा भित्रिने क्रम रोक्न माग गर्दै किसानहरू करिब तीन सातादेखि आन्दोलनमा छन्। तर, वास्तविक तस्करी नियन्त्रण गर्नुको सट्टा स्वदेशी उत्पादन ढुवानी गरिरहेका किसान तथा व्यवसायीलाई नै दुःख दिने काम भएको संघको आरोप छ। संघका सचिव राधेश्याम साहले नेपालमै लगानी गरेर उत्पादन गरिएको कुखुरा आवश्यक कागजातसहित ढुवानी भइरहेका वेला त्यसलाई भारतीय भन्दै नियन्त्रणमा लिनु दुःखद भएको बताए। 'वास्तविक तस्करी नियन्त्रण गर्नुको सट्टा स्वदेशी किसान तथा व्यवसायीलाई दुःख दिने काम भइरहेको छ,' उनले भने।

साहका अनुसार कानुनी कागजात हुँदाहुँदै कुखुरा नियन्त्रणमा लिइएको थियो। किसानहरूले भारतबाट हुने अवैध कुखुरा आयातले नेपाली उत्पादनको बजार प्रभावित भएको भन्दै सीमामा कडाइ गर्न माग गर्दै आएका छन्। उनीहरूले स्वदेशी उत्पादनको ढुवानीमा आवश्यक कागजात जाँच गरेर मात्रै कारबाही गर्न र वास्तविक तस्करी नियन्त्रणमा ध्यान दिन सुरक्षा निकायसँग आग्रह गरेका छन्।

कुखुरा व्यवसायीहरूले नियन्त्रणमा लिइएका कुखुरा लामो समयसम्म राख्दा मरेमा वा नष्ट भए त्यसबाट हुने क्षतिको जिम्मेवारी कसले लिने भन्ने प्रश्नसमेत उठाएका छन्। लाखौँ रुपैयाँ लगानी गरेर उत्पादन गरिएको कुखुरा नियन्त्रणमा लिएर अनावश्यक दुःख दिनेभन्दा भारतीय कुखुराको अवैध आयात रोक्न सीमामा प्रभावकारी निगरानी आवश्यक रहेको उनीहरूको भनाइ छ।

# जनविरोधी र अत्याचारी शासकको अन्त्य हुन्छ : अध्यक्ष ओली

काठमाडौं, २८ भदौ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दमनकारी, पीडक, जनविरोधी र अत्याचारी शासकको अन्त्य हुने दाबी गरेका छन्। वर्तमान सरकारप्रति लक्षित गर्दै ओलीले दमनकारी शासकको नाश हुने बताएका हुन्। नेपाल पत्रकार महासंघ र छापा माध्यम बचाउ सुझाव कार्यदलले बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै उनले आफू ब्यक्तिगत रुपमा विगत ६० वर्षदेखि समानता र स्वतन्त्रताको यात्रामा अघि बढिरहेको र जनताका हक अधिकारलाई लिएर लडाईंको मैदानमा उभिइरहेको बताए।

'स्वतन्त्रताको पक्षमा उभिएकाहरुलाई अहिलेका शासकहरूले पनि बुझ्नुपर्छ। 'अरु अप्ठेरोमा पर्दा रमाउँछ, त्यस्ता शासकहरूको जनताबाट विरोध हुन्छ, त्यस्ता शासकहरूको नाश हुन्छ,ओलीले भने। कार्यदलले सञ्चारमाध्यमलाई दिइदै आएको लोककल्याणकारी विज्ञापन कटौती, बजारको मन्दी र सरकारी बेवास्ताका कारण भोग्नुपरेको संकटबारे ध्यानाकर्षण गराएपछि ओलीले लोकतन्त्र र प्रेस स्वतन्त्रता एकअर्काका पूरक भएको बताए। उनले मिडियामाथिको प्रहार समग्र लोकतन्त्रलाई कमजोर बनाउने प्रयास भएको उल्लेख गर्दै यस्ता प्रतिगामी कदम लामो समय नटिक्ने उल्लेख गरे। अहिलेको सरकार छापामार नभइ 'छापा-मार' सरकार जस्तो देखिएको कारण सञ्चारमाध्यमलाई अप्ठ्यारो परेको ओलीको भनाइ छ।

# स्यालले टोकेर छ जना मानिस र २५ वटा चौपाया घाइते

**जनार्जन खत्री**

सर्लाही, २८ भदौ। सर्लाहीको उत्तरी भेगस्थित हरिवन नगरपालिका–८ का विभिन्न बस्तीमा स्यालले टोकेर छ जना मानिस र २५ वटाजति पशुचौपाया घाइते भएका छन्। एउटै स्यालले टोकेर हरिवन–८ को चापिनी, आपडाँडा, स्कुलटोल र जिम्दार चोकका छ जना मानिस घाइते भएका हरिवन नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। स्यालले टोकेर ३० वर्षीया अर्पना कोइराला, ३४ वर्षीया विमला तामाङ, २१ वर्षीय प्रशान्त उप्रेती, ६५ वर्षीय तिलबहादुर मगर, ७१ वर्षीय मनबहादुर थामी र ६६ वर्षीय देवराम मगर घाइते हुनुभएको छ।

घाइतेहरूको नगर अस्पताल सासापुर, नमूना अस्पताल हरिवन र हरिवन बजारका निजी स्वास्थ्य संस्थाहरुमा उपचार चलिरहेको हरिवन नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक रामबाबु चौधरीले जानकारी दिनुभयो। केही घाइतेले हेटौंडा, वीरगन्ज र काठमाडौँसमेत पुगेर आवश्यक भ्याक्सिन लगाउने र उपचार गराएका छन्।

स्यालले एकैपटक धेरै संख्यामा मानिसलाई टोकेपछि हरिवन नगरपालिकाले छिमेकी लालबन्दी नगरपालिकासँग समन्वय गरी नगर अस्पताल सासापुरमा रेबिजविरुद्धको भ्याक्सिन मगाएको छ। स्वास्थ्य शाखा संयोजक चौधरीले भन्नुभयो, "हामीसँग तत्काल रेबिजको भ्याक्सिन सकिएको थियो, त्यसैले घटना हुनासाथ लालबन्दीबाट भ्याक्सिन सापटी लिएर नगर अस्पतालमा राखिसकेका छौँ।"

हरिवन नगरपालिकाको पशु स्वास्थ्य शाखाका डा. महेश श्रेष्ठका अनुसार स्यालले २५ वटाजति भैंसी र बाखालाई टोकेको छ। आफूहरू आइतबार बिहान स्यालले आतङ्क मच्चाएको टेलहरूमा पुग्दा किसानले घाइते पशुचौपायालाई निजी भेटेरिनरीका पशु प्राविधिक बोलाएर रेबिजविरूद्धको भ्याक्सिन लगाइसकेको पाइएको पशु चिकित्सक डा. श्रेष्ठले बताउनुभयो।

स्यालले टोकेका पशुचौपायका लागि रेबिजविरूद्धको थप खोप चाहिए पशु स्वास्थ्य शाखामा भ्याक्सिन उपलब्ध रहेको उहाँले बताउनुभयो। हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल)ले स्यालको आक्रमणबाट मानिस तथा चौपाया घाइते भएपछि स्वास्थ्यकर्मी र पशु प्राविधिक परिचालन गरिएको जानकारी दिनुभयो।

*वीरगञ्जको मुख्य ...*

गरिएको थियो। तोकिएको समयसीमाभित्र धेरै संरचना नहटाइएपछि सडक डिभिजन कार्यालयले गत असार २० गतेदेखि पुनः डोजर परिचालन गरी दोस्रो चरणको अभियान सुरु गरेको इन्जिनियर दुर्गाप्रसादले बताए।

# बाढीले पाइप बगायो, घारिबथानमा खानेपानीको हाहाकार

**जनार्जन खत्री**

सर्लाही, २८ भदौ। उत्तरी चुरेभेगस्थित सर्लाहीको ईश्वरपुर नगरपालिका–१२, कालिन्जोर घारिबथान गाउँमा खानेपानीको चरम हाहाकार मच्चिएको छ। तीन दिनअघि बाँकेखोलामा आएको बाढीले खानेपानीको पाइप नै बगाइदिएपछि गाउँभरि खानेपानीको अभाव मच्चिएको हो। खोलाको जरुवा पानी –रसाएको पानी) पाइपमार्फत ल्याएर खाने गरेका स्थानीय बाढी आएर पाइप नै बगाएपछि खानेपानीका लागि भौतारिन बाध्य भएका हुन्।



घारिबथानस्थित सुकेपुर गाउँका सन्तोष खड्काले बाढी आएर खानेपानीको पाइप बगाएपछि मर्मतका लागि आइतबार बिहानदेखि प्रतिघरधुरी १०० रुपियाँ उठाइएको जानकारी दिनुभयो। खड्काले भन्नुभयो, "तीजका बेला सबैको घरघरमा पाहुना हुनुहुन्छ तर यही बेला खानेपानी नभएर असाध्य समस्या परेको छ।" घारिबथानस्थित चाकलटोल गाउँकी शान्तिमाया थिङले धारामा पानी सुकेपछि दुषित पानी पिउनुपर्ने बाध्यता भएको गुनासो गर्नुभयो। हिजोआज दिनहु पानी परिरहेकाले केही मात्रामा रहेका कुवा, खोल्सा र धारामा धमिलो पानी आइरहेको र त्यही धमिलो पानी पिउँदा बिरामी पर्ने डर रहेको थिङले गुनासो गर्नुभयो।

धमिलो पानी पिउँदा घाँटी दुख्ने र घाँटी क्याप्प पार्ने जस्ता समस्या देखिन थालेको स्थानीयले गुनासो गरेका छन्। थिङले भन्नुभयो, "बाढी आएर अहिले जतातातैको पानी धमिलो छ तर बाध्यताले त्यही धमिलो पानी नै पिउनु परिरहेको छ।" घारिबथान गाउँमा पुग्दा अहिले स्थानीयहरु साइकल, मोटरसाइकल, ट्याक्टर र डोकोमा गाग्री हालेर पानीको खोजीमा हिँडिरहेको देखिन्छ। अहिले मानिसलाई पिउने पानीदेखि भाँडा माझ्न, लुगाधुन र वस्तुभाउलाई खुवाउने पानीको चरम अभाव भएको छ। ईश्वरपुर नगरपालिका–१२ का वडाध्यक्ष देविबहादुर खत्री –शिव) ले बाढीले बिगारेको खानेपानीको संरचना बनाउन आइतबार दिउँसो नगरपालिकाबाट जेसिबी मगाइएको जानकारी दिनुभयो। उहाँका अनुसार बाँके खोलाको बाढीले पाइप बगाएपछि घारिबथानस्थित नयाँटोल, पाँचनम्बर, सुकेपुर, चाकलटोल, आँपबोटे, स्कुलटोललगायत बस्तीका करिब ७०० घरधुरीमा खानेपानीको समस्या भएको छ।

घारिबथानमा खानेपानीका लागि संघीय तथा प्रदेश सरकारसँगै नगरपालिका, वडा कार्यालय र विभिन्न गैर–सरकारी निकायबाट बर्सेनिजसो करोडौं बजेट खर्चिएर विभिन्न खानेपानी आयोजना सूरु गरिए पनि सफल हुन सकेको छैन।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)